

पशुपति शरणम्। गुह्येश्वरी शरणम्॥
श्री विक्रम संवत् १९४६ देखि अविच्छिन्न प्रकाशित, नेपाल पञ्चाङ्ग निर्णायक समितिबाट स्वीकृत
नेपालको पहिलो आधिकारिक सर्वाधिक विषयले सुसज्जित राष्ट्रिय पञ्चाङ्ग
श्री शालिवाहनीय शाके १९४७
नेपाल संवत् ११४५-११४६
2025-2026 A.D.
कलेर्गताब्दाः ५१२६
सृष्टितोगताब्दाः १,९५,५८,८५,१२६
सिद्धार्थीनामसंवत्सरः ५३
राजा : सूर्य
मन्त्री : चन्द्र
श्री तोयनाथपन्त १९४८
ज्योतिषी पण्डित श्री तोयनाथ पन्तद्वारा स्थापित
तोयनाथ पञ्चाङ्ग २०८२
Lunar Calendar
मूल्य
रु.१७५.००
चतुर्भुज प्रकाशनका लागि सूर्यनाथ पन्तद्वारा सम्पादित तथा प्रकाशित
सम्पर्क फोन नं. ९८४१ ४४७७११, पत्राचार: pantsuryanath53@gmail.com

तोयनाथ पञ्चाङ्ग



संस्थापक:
ज्यो.पं.श्री तोयनाथ पन्त
वि.सं. १९००-१९७५

संवर्द्धक:
ज्यो.पं.श्री पुष्कलनाथ पन्त
वि.सं. १९४८-१९९०

संरक्षक:
ज्यो.पं.श्री सत्यनाथ पन्त
वि.सं. १९८०-२०४८

संयोजक:
श्री प्रेमनाथ पन्त

सम्पादक:
सूर्यनाथ पन्त

पञ्चाङ्ग गणनाकार:
श्रीधरनाथ पन्त

सम्पादन सहयोगी:
सर्वज्ञनाथ पन्त/संज्ञा पन्त

सल्लाहकार :
पूर्णानन्द ओझा
(दर्शनाचार्य, ज्योतिषाचार्य)

बजार व्यवस्थापक:
गुरु पुस्तक विक्रेता
भोटाहिटी, काठमाडौं
फोन: ५३३१२४२ ९८५११८११२२



चतुर्भुज प्रकाशन

प्रकाशक तथा वितरक:
चतुर्भुज प्रकाशन
क्षेत्रपाटी, काठमाडौं, नेपाल
फोन: ०१ ४२६३१३१
इमेल: chaturbhuj.prakashan@gmail.com



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति
काठमाडौं, नेपाल, फोन नं. ४५११९०९३

स्वीकृति र शुभकामना

नेपाली संस्कृति सित आवद्ध चाडपर्व, व्रत, उत्सव यात्रा, संस्कार आदि समस्त धार्मिक एवं सामाजिक कृत्यको मूल स्वरूप पञ्चाङ्ग पात्रो हो । पञ्चाङ्ग, ग्रहहरूको स्पष्ट, उदय-अस्त, वक्र-मार्ग र ग्रहण आदि हुन् । पञ्चाङ्गमा समावेश गरिने यी विषयहरू ग्रह गणितद्वारा निर्धारण गरिएको तिथि, नक्षत्रादिको आधारमा व्रत, पर्व, उत्सव आदिको तिथि मिति निर्धारण गरिन्छ ।

उक्त सन्दर्भमा अनुभवी एवं दक्ष गणकहरूद्वारा ग्रह गणितका मूल सिद्धान्तका आधारमा छुट्टा छुट्टै गणना गरिएको ग्रहस्थिति, पञ्चाङ्ग र ग्रहण आदिमा एक रूपता कायमगरी तयार गरिएको पञ्चाङ्गको आधारमा आमन्त्रित विशिष्ट विद्वान् फलित ज्योतिष विशेषज्ञ, नेपाली परम्पराको यथार्थ ज्ञान गर्नुहुने शास्त्रज्ञ र विभिन्न संप्रदाय विशेषज्ञ विशिष्ट विद्वानहरूको राय सुझाव अनुसार तयार गरिएको वि. सं. २०८२ सालको पञ्चाङ्ग प्रकाशन गर्न समितिको मिति २०८१/१०/११ को निर्णयानुसार "**तोयनाथ पञ्चाङ्ग**"का पञ्चाङ्गकार **ज्यो. सूर्यनाथ पन्तलाई** प्रकाशनार्थ स्वीकृति प्रदान गरिएको छ ।

यो पञ्चाङ्ग निर्माण गर्ने सत्कार्यमा सहभागी हुने विद्वानहरूका अतिरिक्त समितिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारी र सदस्यहरू प्रा. डा. देवमणि भट्टराई, डा. बासुदेवकृष्ण शास्त्री (कोइराला), सह प्रा. तनुजा दाहाल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधि कार्यकारी निर्देशक उपसचिव श्री शिवराज रेग्मी र सदस्य-सचि कार्यकारी निर्देशक ज्यो.पं. सूर्यप्रसाद ढुङ्गेल हुनु हुन्छ । यस्तैगरी गणना गर्ने पञ्चाङ्गकार मध्ये ज्यो. सूर्यनाथ पन्त, ज्यो.पं. विश्वराम शर्मा सापकोटा, श्री मुरारिराज पाण्डे, डा. विश्वनाथ त्रिपाठी, ज्यो. डिल्लीराज जोशी, ज्यो. सुवोध ढुङ्गेल, डा. लोकराज पौडेल, ज्यो. शशिधर जोशी, श्री दामोदर जोशी, श्री श्रीकेश कौशिक, दैवज्ञ कीर्तिकिरण जोशी र दैवज्ञ सिद्धिलक्ष्मी व्यञ्जनकार, ज्यो.पं.चेतराज उपाध्याय र श्री नारायणप्रसाद नेपाल हुनुहुन्छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिद्वारा स्वीकृत पात्रो प्रयोग गर्न समस्त पाठकवर्गमा हार्दिक अनुरोध गरिन्छ । समितिद्वारा स्वीकृत नगरेका पात्रोहरूमा उल्लिखित तिथि, नक्षत्र, चाडपर्व आदिका विषयमा यो समिति जवाफदेही हुने छैन । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिद्वारा निर्देशित तथा स्वीकृत प्राप्त पञ्चाङ्गलाई अझ बढी शास्त्रीय र मर्यादित बनाउन सकारत्मक सुझावकालागि समस्त विद्वज्जनमा हार्दिक अनुरोध गरिन्छ । अन्यमा वि.स.२०८२ सालको नव वर्षारम्भको शुभोपलक्ष्यमा देश-विदेसमा रहनुहुने समस्त नेपाली दाजुभाइ/दिदी बहिनीहरूमा यो समिति हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

प्रा.श्रीकृष्ण अधिकारी
(अध्यक्ष)



ज्यो ति स्वरुप गणितज्ञ महत्व सिद्ध
पं चा मृतै सरह नैष्ठिकता प्रबुद्ध
स्व र्णा क्षरै छ जसको इतिहास शुद्ध
श्री युक्त पन्त कुलका बहुतै प्रसिद्ध
तो यै समान गुणले परिपूर्ण धन्य
य स्ता सुयोग्य मतिको महिमा अनन्य
ना ना पुराण सब शास्त्रहरू पढेर
थ प्दा बयान सकिँदैन कतै भनेर
पं त प्रसिद्ध कुलदीपक तोयनाथ
त द् वंश पुत्र पनि पुष्कलनाथ साथ
को र्थे सदा गणित सत्य र प्रेमनाथ
प ञ्चाङ्ग पूर्ण अब गर्दछ सूर्यनाथ
चां जो मिलाउनु छ थाम्न परम्परामा
ग र्छु निवेदन भूले जतिको कुरामा

भरतराज पन्त, साहित्याचार्य

प्रकाशकीय

सर्वाधिक महानुभावहरूको अपार समर्थनबाट अभिप्रेरित भएर समाजोपयोगी विषय सहित प्रस्तुत गर्ने सिलसिला जारी छ । देश काल र परिस्थिति अनुसार यस वर्षको बजार भाउ आदिको कारण यस पञ्चाङ्गको लागतमा बढोत्तरीले मूल्यमा पनि सामान्य परिवर्तन गरायो ।

हाल बजारमा आइरहेको पात्रो सम्वन्धि विद्युतीय मोवाइल एप्स लोकप्रिय बन्दैगएको सर्वविधितै छ । तर ती पात्रोमा कति सच्चाइ छ त्यो हामीले बुझ्नु जरुरी छ । पञ्चाङ्ग निर्माणमा प्रशस्तै मेहनत गर्नुपर्न हुँदा हाल विभिन्न नामले आइरहेको एप्सलाई भन्दा मान्यताप्राप्त नेपाल पञ्चाङ्ग निर्णायक समितिमा आबद्ध पञ्चाङ्गकारले निकालेको बढी जवाफदेहिता हुन्छ, न कि अन्यमा कसले जिम्बेवारी लिन्छ ? किनकी त्यस्तो एप्समा भएका पात्रोको निर्माणकर्ता कोही नदेखिने हुँदा भ्रामक सुचनाको आधिकारीकतामा नेपाल सरकारले पनि बिचार गर्नुपर्ने तथ्य हुन आउछ ।

यस पञ्चाङ्गलाई लोकप्रिय बनाउनु हुने आदरणीय जनमानसमा सधन्यवाद टक्र्याउँदै, विगतमा झैं प्राप्त सद्भाव कायम हुनेछ, भन्ने अटल विश्वासका साथ नयाँ वर्ष २०८२ ले हामी सबैमा उत्साह, उमङ्ग, खुशी र चीरशान्ति कायम गरोस् भनी हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछु ।

चतुर्भुज प्रकाशनको लागि

सूर्यनाथ पन्तद्वारा प्रकाशित

२०८१-१०-२१

यस पञ्चाङ्गका विक्रेताहरु

सुकुन्दा पुस्तक भवन भोटाहिटी, काठमाडौं .... ✆ ४२२०३७९
एम. के. पब्लिशर्स भोटाहिटी, काठमाडौं .... ✆ ४२४९८३६
हेरिटेज पब्लिशर्स/डिस्ट्रिब्यूटर्स भोटाहिटी .... ✆ ४२२१२९१
वज्रवाराही बुक सप्लायर्स भोटाहिटी .... ✆ ४२२८५६३
सब-वे पुस्तक/पोस्टर भण्डार भोटाहिटी .... ✆ ४२३०१९०
लक्ष्मी दिदी भोटाहिटी, काठमाडौं .... ✆ ९८०८६४३४३४
दुर्गा न्यूज/बुक्स डिस्ट्रिब्युटर्स भुगोलपार्क .... ✆ ४२४४०९२
बालकृष्ण बुक्स सेन्टर नयाँसडक, काठमाडौ ...... ✆ ९८४९१४९८८२
एलाईड न्युजपेपर डिष्टिब्यूटर्स नरदेवी .... ✆ ४२६१९४८
यज्ञराज न्यौपाने वागबजार, काठमाडौं .... ✆ ९८४११८४७४५
पशुपति पूजा सामग्री भण्डार काठमाडौं .... ✆ ९८५१०५८०४०
गोपीकृष्ण चौलागाई मङ्गलबजार, ललितपुर .... ✆ ९८४११८४७४५
राम न्यूजपेपर सप्लायर्स कोपुण्डोल, ललितपुर .... ✆ २१२३३५२
वच्चन ध्वज जोशी भक्तपुर .... ✆ ९८४१२१३५२२
जयकाली प्रकाशन प्रा. लि. काठमाडौं .... ✆ ९८६९७२७८१५

उपत्यका बाहिर:

शरण उत्सुक त्रिशूलि, नुवाकोट .... ✆ ९८५१००२९३८
प्रशंसा बुक्स एण्ड स्टेशनरी नुवाकोट .... ✆ ०१०५६१२०९
प्रगति पुस्तक पसल विर्तामोड, झापा .... ✆ ०२३ ५४४६३८
न्यू मनकामना पुस्तक पसल धरान .... ✆ ९८५२०४९९१३
श्याम पुस्तक भण्डार विराटनगर .... ✆ ०२१-५२६३४५
सत्यनारायण मन्दिर विराटनगर .... ✆ ९८४२२२७२७०
अखिलेश्वर पुस्तक पसल लालबन्दी, सर्लाही ...... ✆ ९८४४२८७८७८
काभ्रे भगवती पुस्तक पसल सिन्धुली .... ✆ ९८४४०४१९८२
अर्चना राज इन्टरप्राइजेज लहान .... ✆ ९८५२८३०५५५
जानकी पुस्तक भण्डार जनकपुरधाम .... ✆ ५२००९२
लक्ष्मी पुस्तक भण्डार ढल्केवर .... ✆ ९८१४८५९३७८
झिगु समाचार पुस्तक केन्द्र वीरगञ्ज. .... ✆ ५३२८९१८
श्री समाचार केन्द्र हेटौंडा, मकवानपुर .... ✆ ९८४५४००१७२
नारायणी पुस्तक सदन नारायणगढ .... ✆ ५२१२८०
बैदिक पूजा सामाग्री भण्डार नारायणगढ .... ✆ ९८५५०६३२४७
भट्टराई पूजा पसल पोखरा .... ✆ ९८४६०५८४५३
श्रेष्ठ न्यूज एजेन्सी तानसेन, पाल्पा .... ✆ ५५२०१८२
नेपाल बुक्स बुटवल .... ✆ ९८५७०३१४३७
दुर्गा पुस्तक-पूजा सामाग्री भण्डार बुटवल .... ✆ ९८४२०८०४१९
माछापुच्छ्रे बुक्स एण्ड स्टेशनरी नेपालगञ्ज .... ✆ ५३६७४५
न्यौपाने बुक्स डस्ट्रिब्यूटर्स कटारी .... ✆ ९८५२८३६३५३
मञ्जुश्री इन्टरप्राइजेज कोहलपुर, बाँक .... ✆ ९८५८०२०९३६
मल्टी ट्रेडर्स लम्की .... ✆ ९८४८४४२२६३
हाम्रो पुस्तक पसल सुर्खेत .... ✆ ९८५८०५०१२२
अल्फा स्टेशनरी सेन्टर सुर्खेत .... ✆ ९८५८०५११६२
आर्यन पुस्तक पसल सुर्खेत.......................... ✆ ९८५८०५०५८४
नवीन बुक्स सुर्खेत .... ✆ ९८५८०५११०३
उज्यालो टेशनरी सुर्खेत .... ✆ ९८४८२४७४९१
श्री केदारपुस्तक एण्ड सप्लायर्स दिपायल ...... ✆ ९८४८४५३२२५
लक्ष्मीभक्त/रामजी श्रेष्ठ डोटी, सिलगढी .... ✆ ४२००२८
चनैराज पुस्तक पसल बैतडी .... ✆ ९७५९५००६७६
लक्ष्मी यम स्टेशनरी खोड्पे (बैतडी) .... ✆ ९८४८७४९८७
समैजी पुस्तक भण्डार डडेलधुरा .... ✆ ९८५८७५११४९
नेपाल कपि उद्योग अतरीया-कैलाली .... ✆ ९८५८७५१४८४
हाम्रो पुस्तक पसल अत्तरिया, कैलाली .... ✆ ९८४८४२३५४४
नेगी ट्रेड एण्ड सप्लायर्स धनगढी .... ✆ ९८४८४२५५६
न्यु मिश्रा बुक्स धनगढी, कैलाली .... ✆ ९८५८४२१५०९
चौधरी बुक डिपो धनगढी, कैलाली .... ✆ ०९१ ५२१२५०
पवन पुस्तक पसल धनगढी, कैलाली .... ✆ ०९१ ५२३४००
दीपज्योति ट्रेड सप्लायर्स(मल्टीट्रेडर्स) कैलाली .... ✆ ९८५८७५१३३८
चौलानी पुस्तक भण्डार प्रा.लि., धनगढी .... ✆ ०९१ ५२७२६१
गलैनाथ पुस्तक पसल, धनगढी .... ✆ ९८४८८३६२४४
ज्योति बुक्स टीकापुर .... ✆ ९८५८४२१५२०
प्रतिक बुक्स टीकापुर .... ✆ ९८४८४२१३१८
दुर्गा पुस्तक भण्डार कञ्चनपुर .... ✆ ५२१४६८
चौलानी पुस्तक भण्डार प्रा.लि. महेन्द्रनगर.................. ✆ ५२४०६८
सरस्वती पुस्तक पसल महेन्द्रनगर .... ✆ ९८४८७२१७१८
न्यू महारुद्र पुस्तक भण्डार महेन्द्रनगर .... ✆ ५२५३६७

साथै देशैभरका पुस्तक तथा पत्र-पत्रिका पसलहरू

विषय सूची

यस पञ्चाङ्ग सम्बन्धी

पञ्चाङ्गको मुख्य उद्देश्य विविध धर्म संस्कृतिको रितीरिवाज अनुसार मनाउनुपर्ने चाडवाडमा व्रत, पर्व, उत्सवको जानकारी गराउनु हो । चाडपर्व निर्धारणगर्ने मूल विषय भनेको तिथि नक्षत्रादिको भोग्य समयको आधार हो । भोग्य समयको तत्थाङ्क विभिन्न पद्दतिहरू अपनाई सुत्रबद्ध ढङ्गले गणितीय आधारमा तिथि, वार, नक्षत्र, योग, करणले भोग्ने अवधिको मापन घडि पला वा आधुनिक घडिको समयमा अनुवाद गरी घण्टा मिनेट सेकेण्ड आदि प्रणालीमा हासिल गरिन्छ । यीनै पाँच अङ्को सिलसिलाबद्ध प्रस्तुतिको स्वरुपलाई पञ्चाङ्ग भन्ने गरिन्छ ।

नेपाली पञ्चाङ्गको इतिहासमा विक्रम संवत् १९४६ सालदेखि अनवरत रुपमा प्रकाशित भइरहेको क्रममा २०४६ सालमा सतबार्षिकी पुरा गरेको उपलक्ष्यमा, पञ्चाङ्गको भोग्यकाल घडि पलाको मापन सामान्यरूपमा बुझ्न कठिन हुने हुदाँ, विकल्पमा आधुनिक घडिको समयमा रुपान्तरणगरी घण्टा मिनेटमाराख्ने परम्पराको थालनी यसै पञ्चाङ्गबाट शुभारम्भ भएकोमा कारणवस् केहीवर्ष अवरुद्ध भए पनि २०६४ सालदेखि उक्त परम्परलाई पुन: निरन्तरता दिने प्रयास गरिएको छ । त्यतिबेलाको क्रमतालाई नविगार्दै तिथि, नक्षत्र, योग, पूर्वाद्ध र उत्तरार्द्ध करण, च. रा. (चन्द राशि) एवं ग्रहले भोग्ने अवधिको मापनलाई घडीपलाको साथै घ.मि. (बजेसम्म)मा राखिएको छ । दुबै करणको भोग्यकाल "घडि पलालाई रुपान्तरण गरी बजेसम्म" आदि अक्षरले संकेत गरिएको छ । दि.मा. (दिनमान)को भोग्यकालको समयलाई घडिपलामात्र समावेश गरिएको हुँदा दिनमानको भोग्यकाल बजेसम्म जान्नपरेमा घडिपलालाई अढाई (२.५)ले भाग गरेर हेर्न सकिन्छ ।

भद्रा, द्विपुष्कर, त्रिपुष्कर र धनिष्ठा पञ्चक आदिको मान्यावधिलाई पूर्ववत् दिदै आएको घडि पलाका साथै घण्टा मिनेटको लागि सोही घडि पलाको बायाँपट्टिको कोलममा उपयुक्त तिथि, नक्षत्र, करणको घडि पला मान्य अवधि बराबरको बजेसम्ममा हेर्दा हुन्छ।

ग्रहहरूले भोग्ने अवधिको समयलाई "ग्रह सञ्चार घडिपलाका साथै कोष्ठ भित्र बजेदेखि" नामाकरण गरी राखिएको छ । तसर्थ सम्पूर्ण अङ्को घडि पलाका साथै घण्टा मिनेटमा समावेस गर्ने कार्यमा यो पञ्चाङ्ग पहिलो हुन पुगेको तथ्यलाई बढो गर्वले भन्न सकिन्छ ।

अझ बढी सरल बनाउने उदेश्यले मुख्य अङ्गसंगै दैनिक ग्रहस्पष्ट, लग्नको समय तालिका एकै ठाउमा राखेर प्रस्तुत गर्ने प्रयास गरिएको छ। यसबाट कुनै पनि दिनको दैनिक सूर्योदय समयको ग्रहस्पष्ट र दैनिक बाह्रै लग्नको समय तालिका राखिएका छ । सूर्य-चन्द्र, नक्षत्र, संक्रान्तिफल सहित वार्षिक राशिफल, मासिक फलादेश, दैनिक ग्रहस्पष्ट तथा दैनिक लग्न तालिका राखिएको छ। विगतदेखि दिइदै आएको वर्षभरी कै केही प्रमुख चाडपर्व लगायत केही महत्वपूर्ण वैदिक मन्त्रहरू विवरण सहित यस पञ्चाङ्गलाई अत्यन्तै सुक्ष्म तवरले प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

"पञ्चाङ्गको भोग्यकाल समाप्तिमा हुन्छ भने ग्रहको भोग्यकाल चाँही आरम्भ कालिन हुन्छ"

भद्राको समयमा कुनै पनि साइत नजुर्ने हुँदा द्विपुष्कर, त्रिपुष्कर र धनिष्ठा पञ्चक परेको बेलामो जन्म वा मरण भएमा त्यस वर्षमा उक्त वंशमा द्विपुष्करमा २, त्रिपुष्करमा ३ र धनिष्ठा पञ्चकमा पाँच नै जे भएको छ, त्यही हुन्छ भन्ने शास्त्रोक्ति अनुसार द्विपुष्क, त्रिपुष्कर र धनिष्ठा पञ्चक कुन दिन कुन समयमा पर्छ भन्ने हेतुले बडो महत्वकासाथ संलग्न गरिएको हो ।

पञ्चाङ्ग एवं ग्रहको भोग्यावधि र दैनिक लग्नारम्भको समयलाई घण्टा मिनेटलाई बजेमा परिवर्तन गर्दा मध्यान्ह १२ बजेपछिको समयलाई क्रमगत रूपमा १३, १४, ...२३ आदि देखिमध्य रातको १२ बजे पछिको समयलाई भने २४ घण्टामा घटाएर क्रमश: ०, १, २, ३, ४, ५ र ६ बजेमा भोलिपल्टको सूर्योदय नहुँदासम्मलाई अघिल्लै दिन सम्झनुपर्ने नियमानुसार क्रमबद्ध ढङ्गमा समावेश गरिएको छ ।

दैनिक लग्नको बारेमा भन्नुपर्दा कुनदिनको कुन समयमा कुन लग्न आरम्भ हुन्छ । त्यसै अनुसार आफ्नो कार्यतालिका निर्धारण गर्न सरल होला कि भन्ने उदेश्यले यसलाई समावेश गरिएको हो ।

कुनै पनि आवश्यक समयको लग्ने गणना गर्नमा सूर्यादिस्पष्ट साप्ताहिक भन्दा दैनिक रूपमा हुदाँमा केही हदसम्म सरल हुन्छ की भन्ने उद्देश्यले- सूर्य लगायत चन्द्र, मङ्गल, बुध, वृहस्पति, शुक्र, शनि तथा राहु-केतु ग्रहहरूको दैनिक सूर्योदय समयको दैनिक ग्रहस्पष्ट तालिका पनि प्रारम्भ गरिएको हो। पूर्ववत् दिइदैं आएको अब्धिष्टकालीन साप्ताहिक ग्रहस्पष्ट कायमै गरिएको छ। हुनत ग्रहको स्थिति प्रत्येक क्षणमा बदलिने गर्दछ ।

यदि कसैको जन्म जुन स्थानमा भएको छ, प्रमाणिक पञ्चाङ्गको माध्यमबाट सो स्थानको स्थानीय सूर्योदयको आधारमा पञ्चाङ्ग निर्माण गरेर जन्मकुण्डली निर्माणगर्दा शुद्ध जन्म कुण्डली बनाउनमा सहायकसिद्ध होला की भन्ने बिचारले कुनै पनि ठाउँको पञ्चाङ्ग सूर्योदयको समयलाई चर-बेलान्तर-क्रान्ति द्वारा गणितीय माध्यमबाट प्रमाणिक पञ्चाङ्गको समयसँगको भिन्नता जान्नकालागि दैनिक चर, दैनिक क्रान्ति, विभिन्न ठाउँहरूको अंक्षाश, देशान्तर र प्रमाणिक समयान्तर तालिकानुसार गणना गरेर पनि हेर्न सकिन्छ । उपरात्क तालिका यस पञ्चाङ्गमा पनि केही वर्षदेखि समावेश गरिएको छ ।

आवश्यक ठाउँको अंक्षाशको आधारबाट कुनै समयको क्रान्तिको मिलन विन्दुको मापन एकाइलाई चर भनिन्छ । उत्तरी र दक्षिणी गोलार्द्धको चरविन्दु फरकफरक हुने गर्दछ ।

स्थानीय प्रमाणिक सूर्योदय =

६ घण्टा ± चर ± समयान्तर ± बेलान्तर

(क) अंक्षाश र क्रान्ति दुबै उत्तर वा दक्षिण भएमा चर -(ऋण) ।

(ख) अंक्षाश उत्तर तथा क्रान्ति दक्षिण एवं विपरित अंक्षाश दक्षिण क्रान्ति उत्तर भएमा चर +(धन) ।

(ग) समयान्तर विपरित संस्कार +(धन) भए -(ऋण) र -(ऋण) भएमा +(धन) ।

(घ) बेलान्तर भने तालिकानुसार जे छ त्यसै गर्ने । (धन भए + तथा ऋण भएमा-) ।

यस पञ्चाङ्गमा उल्लेखित चरतालिका नेपाल उपयुक्त किरणबक्री भवन संस्कृत चर भएको हुदाँ बैदेशिक सूर्योदय निकाल्दा चरमा पुन- बिंचार गर्नुपर्ने हुन्छ । तर यस पञ्चाङ्गमा दिइएको चर तालिका नेपालको कुनै पनि आवश्यकीय ठाउँको प्रमाणिक सूर्योदय निकाल्न प्रयोग गर्न सकिन्छ। स्मरणरहोस् यस पञ्चाङ्गमा उल्लेखित समय अन्तर नेपालको गौरी शङ्कर हिमाल ८६° १५' (०° ०' ग्रीनवीचबाट शुरु भई पूर्वतर्फको) नेपालमान्य पूर्वीय देशान्तरको आधारमा नेपालको स्थानीय समायान्तर पूर्वतर्फ+(धन) र पश्चिमतर्फ-(ऋण) तालिका प्रस्तुत गरिएको छ। समयान्तर जिल्ला सदर-मुकामको निश्चित ठाउँको भएकाले सदरमुकाम भन्दा पूर्वको समयमा २४ किलोमिटर बराबर १ मिनेट जोड्ने र पश्चिमको लागि घटाउने तर उत्तर दक्षिणमा केहि गर्नु पर्दैन ।

नेपालमा मनाइने प्राय: सबै धर्मावलम्बीको तथा जनजातिको चाडपर्व लगायत राष्ट्रिय-अन्तर्राष्ट्रिय दिवसहरू साथै विभिन्न उपयोगी ज्योतिषीय साम्रागीले सुसज्जित सर्वपयोगी ढङ्गले यस पञ्चाङ्गलाई प्रस्तुत गरिएको छ, क्रिया प्रतिक्रियाको अभिलाषा राख्दै उचित सल्लाह र सुझावको अपेक्षामा । यदि कहि कतै कुनै पर्व छुटेको भए सप्रमाण सहित नगरपालिका/ गाउपालिका वा मान्यताप्राप्त संघसंस्थाको सिफरिस सहित हाम्रो पञ्चाङ्ग कार्यालयमा वा नेपाल पञ्चाङ्ग निर्णायक समितिमा सम्पर्क गर्नु होला। यस पञ्चाङ्गलाई कस्तो रुपमा देख्न चाहनु हुन्छ, लेखेर पठाउनु हुन पनि अनुरोध गरिन्छ ।

वार्षिक भविष्य फल

श्री शाके १९४७, विक्रम २०८२ संवत्को **सिद्धार्थनामकः संवत्सर** हो। यो प्रभवादि ६० संवत्सरमध्यको ५३ औं संवत्सर हो। यसवर्षका **राजा सूर्य** तथा **मन्त्री चन्द्र** ग्रह हुन्। अन्य ग्रहले निम्न विभागहरू भोग्नेछन्- धान्येशमा मङ्गल, मेघेशमा सूर्य, रसेशमा शनि, सस्येशमा गुरु, नीरसेशमा बुध, फलेशमा सूर्य, धनेशमा बुध, दुर्गेशमा चन्द्रग्रह गठन भएकोले शुभ ७० र अशुभ ३० प्रतिशत सहभागिता हुँदा ग्रह परिषदले आ-आफ्नो कार्यसुचारु ढङ्गले संचालन गरी निम्न शुभाशुभ फलप्रदान गर्नेछन्। यस वर्षको आरम्भमा **मेष जगल्लग्न** आएको छ।

राजा: सूर्यले मन्त्री: चन्द्रलाई मित्रवत् व्यवहार गर्दछन्। आपसी मैत्रीभावको विचारले सबैलाई प्रशन्न तुल्याउलान्। कहिले काँही उत्श्रृङ्खल र अमानवीय गतिविधिले सबैमा त्राश: होला। आयो जना कार्न्यान्वयनको अभावले विकास निमार्णमा प्रगतिको लक्षण कमै होला। राजनैतिक दलहरूमा मतैक्यको अभावले देशहितार्थ कार्यमा अग्रसरता न देखाउलान्। धर्मप्रतिको जागरणले सबै खुशी, सुखी र सन्तोषी होलान। तर वैदेशिक रोजगारीले अर्थतन्त्रमा सुधारका वातावरण देखाए पनि नयाँ पुस्ताको आकर्षणले देश रित्तिन धेरै वेर लाग्दैन। आर्थिक सन्तुलन द्रुततर गतीमा चल्दा र आर्जनमार्गको सुदृढताले गर्दा नयाँ गतिविधिहरूले मुर्तरुप धारण गर्दै जाला।

जगल्लग्न कुण्डली

०।३।३।५५

वृ. २
३
१ सू.
बु.श.श.रा १२
११
४ मं.
१०
५
६ के.
चं. ७
८
९

जगल्लग्न फलम्

(जन्मलग्न वा जन्मराशिबाटहेर्ने)

मेष	१. देहसुखम्
वृष	१२. दु:खदाद्रियम्
मिथुन	११. लाभ:
कर्कट	१०. सुखम्
सिंह	९. धमार्थप्राप्ति:
कन्या	८. कष्टम्
तुला	७. स्त्रीसुखम्
वृश्चि	६. अरिपराजय:
धनु	५. पुत्रसुखम्
मकर	४. मित्रसुखम्
कुम्भ	३. कुटुम्बवृद्धि:
मीन	२. धनलाभ:

सामाजिक विसंगतिहरू सुध्रिदै जालान्। चोरी-डकैती-लुटपाट-हत्या-बलात्कार आदि अशोभनीय घटनाहरूमा नियन्त्रणशीलताको अनुभूति होला। लुच्चा, लफङ्गाहरूको बाहुल्यतामा पनि कमी आउला। शिक्षाको क्षेत्रबाट उत्साहजनक उपादेहिता होला जस्तो देखिदैन। सरकारी शैक्षिकसंस्थामा भन्दा गैरसरकारी संस्थाले समाजमा योग्य र कुशल शिक्षार्थी उत्पादन गर्ला। स्वास्थ्य विज्ञानको क्षेत्रमा आधुनिक प्रविधिको विकासले निरन्तरता पाए पनि संक्रामक तथा प्राणघातक रोगब्याध नियन्त्रण सफल हुन नसक्ला।

व्यापार व्यावसाय राम्रो ढंगले चल्दा सो क्षेत्रमा प्रगति नै होला। उद्योगधन्दाको विकासले बेरोजगारी समाधानार्थ नयाँ कामको थालनी भए पनि कार्यान्वयन पक्ष फितलो बन्दै जाला। पत्रकारको सुरक्षामा खासै ध्यान नपुगे पनि आफ्नो पेशालाई मर्यादित बनाउने प्रयत्न होलान्। श्रमजिवीवर्गको सुविधामा ध्यान नपुग्दा खिन्नता छाउला। कलाकार र साहित्यकारहरूको प्रगति मार्ग विस्तारिएला। तर कर्मचारीमा सम्मानको आशा जाग्ला। वैदेशिक सहयोग प्रचूर मात्रामा भइरहे पनि त्यसले कुनै ठुलो परिवर्तन गर्ने संभावना देखिदैन।

प्रमुख खाद्यान्नमा धान, गहुँ, मकै, जौ आदिको उचित उत्पादन भए पनि बजार साँगुरिनाले भाउ अनियन्त्रित बन्ने लक्षण देखिन्छ। सुन-चाँदी आदि धातु र हीरा, मोति, पन्ना, मणि-माणिक्यादिको भाउ उच्च गतिमा पुग्लाने व्यापक असन्तोष छाउला। व्यापार व्यवसायको क्षेत्रमा ठुलो प्रगति हुन नसके पनि सामान्य जीवन यापनमा सहजता ल्याउला। जग्गा जमिनको कारोवारले आर्थिक स्थिति मजबुत बनाउला। कृषिकार्य, पशु-पंक्षिपालन र जलचर प्राणीको व्यवसायले सुखै देला।

जलवायु परिवर्तनको कुप्रभावले विद्यमान तापक्रममा प्रतिकूलताले अशान्ति छाउला। भूक्षय, भूस्खलन, भूकम्प आदि दैवीय विपत्ति, स्थल तथा हवाई दुर्घटना पनि होला। कुनै भू-भागमा अनावृष्टिले खाद्य उत्पादनमा कटौती, कतै खण्डवृष्टिले सुख्खा-खडेरीको प्रधानता र कहीं अतिवृष्टिले बाढी-पहिरो ल्याउला।

१. अष्टोत्तरी मतानुसार आय-व्ययको बिवरण

राशि	मे.	वृ.	मि.	क.	सिं.	कं.	तु.	वृ.	ध.	म.	कुं.	मी.	योग
आय	२	११	१४	८	११	१४	११	२	५	८	८	५	९९
व्यय	१४	५	२	२	११	२	५	१४	५	१४	१४	५	९३

दृष्ट्रव्यः विन्ध्योत्तर निवासीकालागि विंशोत्तरी र विन्ध्याचलबाट दक्षिण निवासीकालागि अष्टोत्तरी तर नेपालकोलागि विंशोत्तरी मत अनुसारको आय-व्यय बिवरण हेर्नुहोला।

२. विंशोत्तरी मतानुसार आय-व्ययको बिवरण

राशि	मे.	वृ.	मि.	क.	सिं.	कं.	तु.	वृ.	ध.	म.	कुं.	मी.	योग
आय	१४	८	१४	८	११	१४	८	१४	११	५	५	११	१२३
व्यय	११	५	२	१४	११	२	५	११	२	५	५	२	७५

आय-व्यय ज्ञानविधिः आफ्नोराशिको उपयुक्त आय-व्यय अंक जोडने, जोडमा १ अंक कम गरेर ८ ले भाग गर्दा शेष १ रहेमा लाभ, २ मा सुख, ३ मा दु:ख, ४ मा रोग, ५ मा अपवाद, ६ मा सम्मान, ७ मा विजय, ८ वा ० मा हानिको योग यो वर्षमा हुनेछ। सारांशमा १, २, ६, ७ भाग शेष रहेमा यो वर्षमा लाभ, भाग्यको उदय, नोकरी धन्दामा पदोन्नति आदि हुनेछ भने, २, ४, ५, ० भाग शेष रहेमा मानसिक चिन्ता र खर्च बढ्ने आदि हुनेछ।

मेष विषुवच्चक्रम्	फलानि	तुला विषुवच्चक्रम्
श्ले.म.पूफा.उफा.ह.चि.स्वा.	**शीर्षे-भूलाभः**	मृ.आर्द्रा.पु.ति.श्ले.म.पूफा.
आर्द्रा. पुनर्वसु. तिष्य.	**मुखे-पाण्डित्यम्**	भरणी. कृतिका. रोहिणी.
अश्विनी. भ. कृ. रो. मृग.	**हृदि-धनागमः**	शत. पूभा. उभा. रे. अश्वि.
पूभा. उभा. रेवती.	**दक्षकरे-स्त्रीलाभः**	उषा. श्र. ध.
श्रवण. धनिष्ठा. शतभिषा.	**वामकरे-भैक्षम्**	ज्येष्ठा. मूल. पूषा.
मूल. पूषा. उषा.	**दक्षपादे-भ्रमणम्**	स्वाती.विशाखा.अनुराधा.
विशाखा. अनुराधा. ज्येष्ठा.	**वामपादे-कष्टम्**	उफा. हस्ता. चित्रा.

मेषविषुवत्को शान्तिः उशीर, वालं, प्रियंगु गोरोचन, सहदेवी, कमलापत्र, माधवको प्रतिभा, कलश, वस्त्र, पूजाभाग, दानप्रतिष्ठा, ब्राम्हण भोजन, दक्षिणा, त्रिमधुले होमगर्ने

तुलाबिषुवत्को शान्तिः उशीर, वालं, अगरु कपूर, श्रीखण्ड, रक्तचन्दन, कूट, लोघ, गोरोचन, गोविन्दको प्रतिमा, कलश, पहेलोवस्त्र, सेतोफूल, पञ्चामृत, गोदान, दानप्रतिष्ठा, ब्राम्हण भोजन, दक्षिणा, मह र डुम्रीले होमादिगरी गंगास्नान, नारायण पूजा, रुद्रीपाठ, चण्डी (दुर्गा सप्तशती) पाठ गर्दा सुख शान्ति पाइन्छ भन्ने भनाइ छ।

मासफल वैशाख:

५ सोमबार, ५ मंगलबार र ५ बुधबार रहेको यस महिनामा शुभफलको आधिक्य रहने छ । दुग्ध तथा अन्य रसपदार्थलगायत कृषिबालीमा मनग्य आम्दानी गर्ने वातावरण बन्ला । कपास, धागो, मोती आदि सेता पदार्थको विक्रिवितरण बढ्नेछ । मध्यतिर शासकीय शैलीमा केही परिवर्तन देखा पर्नाले जनतामा त्रासको वातावरण सिर्जना हुनसक्दछ । राजनितिज्ञबाट संयमितता अपनाउनु पर्ने देखिन्छ । तराई क्षेत्रमा केही गर्मी बढेसँगै पश्चिम-दक्षिणभे गबाट आएको हावाहुरीका कारण आगलागीजस्ता दैवीय घटनाले केही नोक्सानी बेहोर्नु पर्ला । सीमानाको विवाद खेप्नुपर्ला । रातो, पहेलो वस्तु केही महँगो र सेतो, हरियो वस्तुहरूको भाउ भने यथावत नै रहने छ । महिनाको अन्त्यतिर फाटफुट वर्षाको योगले केही राहत मिल्नेछ । जौ गहुँ लगागत अन्नमा अभाव देखिने छ ।

मासफल ज्येष्ठ:

महिनामा ५ बिहीबार, शुक्रबार र शनिबार रहेका छन् । सुन, बेसार लगायतका पहेँला वस्तुहरूको व्यवसाय राम्रै चल्नेछ । लत्ताकपडा र अन्नबालीको मूल्यमा भने वृद्धि हुनेछ । उखुजन्य गुलिया पदार्थको कारोबारमा बढोत्तरी हुनेछ । सागपातलगायत कृषि, चौपायाबाट आम्दानी बढ्नेछ । पश्चिमी देश तथा देशका पश्चिमीभूभागमा मनमुटावको वातावरणले त्रास पैदा गर्ला । सब जसो स्थानमा महँगी बढ्नाले जनसाधारण मर्कामा पर्लान् । उत्तरी तथा इशान दिशातिर भूकम्प, हावा बतास एवं आगलागी जस्ता घटनाले भय रहला । गर्मीले धानका बिउबिजनमा खडेरी पर्ला । महिनाको सुरु र मध्य त्रासमूक्त समय रहला ।

मासफल आषाढ:

महिनामा ५ आइत, ५ सोम, ५ मंगल र ५ वटा बुधबार परेका छन् । शुभाशुभ मिश्रितफल प्राप्त रहने यस महिनामा दुर्भिक्ष, रोग, अकालमृत्युका घटनामा वृद्धि, शासक परिवर्तनले राजनीतिका कारण वैमनस्यतालेएकआपसमा केही उतारचढावको परिवेष रहने छ । सेता र रसयुक्त वस्तुमा सहजता आउला । केही ठाउँमा भूक्षयका कारण हिडडुलमा असहज वातावरण बनाउला । हावाहुरीसँगै कतै खण्डवृष्टि (वर्षा) गराउला । गहुँ, मसुरो लगायतका राता दाल तथा अन्नमा क ही महँगी खेप्नुपर्ला । पन्ना, शङ्ख जस्ता रत्न सुलभ र माणिक्य, मुगा लगायतका केही रत्नहरू महँगा हुने सम्भावना बढेको छ । महिनाको अन्त्यतिर पानीका स्रोतहरुमा वृद्धि रहने छ । जनजीवन कष्टकर भएको अनुभूति हुनेछ ।

मासफल श्रावण:

महिनामा ५बिही, ५शुक्र र ५वटा शनिबार रहेका छन् । विभिन्न धातुजन्य सामानको मूल्य केही सस्तो रहला । विभिन्न देशहरूमा एकआपसमा युद्ध, मतभेद रहनाले जनतामा भय रहला । कृषि उत्पादनले समृद्धि देखाए तापनि भूकम्प, भूक्षय, बाढीपहिरोको जा खिम भने बढ्ला । दुग्धजन्य पदार्थमा सहजता भए पनि फलाम, सिमेन्ट, गिटी, इटा र अन्य उपभोग्य सामग्रीको महँगीले जीवन कष्टकर बनाउला । महिनाको अन्तयतिर असाधारण रोगको सामना गर्नुपर्ला । समाजमा मानवता तथा न्यायका कार्यमा सुधार होला । अधर्मका गतिविधिले समाजलाई धमिल्याउन सक्छन् । महिनाको सुरु र मध्य सहज रहने छ ।

मासफल भाद्र:

महिनामा ५वटा आइत, ५ वटा सोम र ५वटा मंगलबार पर काले दुर्भिक्ष बढी देखिएको छ । रोग र भूक्षयका घटनाले जन मासमा त्रास बनाउला । खाद्यपदार्थ र सेता वस्तुहरू केही सुलभ हुनाले जनसाधारणमा हर्ष बढ्ला । यसो भए तापनि चन्द्रग्रहणको भने केही नकारात्मक असर पर्ला । शासकवर्गको खिचातानीले समाजमा असहज तथा त्रासमय वातावरण सृजना होला । रातो वस्तु र तामाको मूल्यमा वृद्धि हुने देखिन्छ । पहेँला र ऊनका कपडा र धातुको भाउमा पनि बढोत्तरी रहने छ । जमीनजायदादको मूल्य बिस्तारै उकालो लाग्ने छाँट छ । फलफूल तथा तरकारी केही सुलभ रहला । महिनाको सुरु र अन्त्यतिर केही स्थानमा अतिवृष्टिका कारण भूक्षय, बाढी, पहिरोले जनजीवन कष्टकर बन्ने देखिन्छ । सावधानी अपनाउनु पर्ने देखिन्छ ।

मासफल आश्विन:

महिनामा ५वटा बुध, ५वटा बिही र ५वटा शुक्रबार रहेका छन् । फाटफुट वर्षाको योग रहे पनि प्राकृतिक वातावरण अनुकूल नै रहनाले जनजीवन सुखमय नै रहला । सबै किसिमका उपभा ग्य वस्तुहरू प्राप्तिमा सहजता नै होला तर माछामासुजन्य कुर ामा भने महागी खेप्नुपर्ने देखिन्छ । अरू समयभन्दा जनसंख्यामा पनि केही वृद्धि होला । सर्वसाधारणमा समृद्धिको केही अनुभव हा ला । कृषि, पशु तथा कापीकिताव जन्य सामग्रीको विकीवितरण बढ्ला । शासन क्षत्रीयवर्गको हातमा कायमै रहला । धर्मकर्मतिर र न्यायको खोजीमा जनसमुदाय लाग्नेछ । पश्चिम दिशातिर केही बिरोधी घटनाहरू घट्नसक्लान् ।

मासफल कार्तिक:

महिनामा ५वटा शनि र ५आइतबार परेका छन् । शुभाशुभ मिश्रितफल रहने यस महिनामा दुर्भिक्ष, रोग, अकालमृत्युका घटनामा वृद्धि, शासक परिवर्तनले राजनीतिका कारण जनतामा पनि वैमनस्यताले एकआपसमा केही उतारचढावको परिवेष रहने छ । दुग्धजन्य पदार्थमा सहजता भए पनि फलाम, सिमेन्ट, गिटी, इटा र अन्य उपभोग्य सामग्रीको महागीले जीवन कष्टकर बनाउला । केही अप्रत्यासित सवारी दुर्घटनाले चिन्ता छाउला । महिनाको अन्त्यतिर असाधारण रोगको सामना गर्नुपर्ला। समाजमा मानवता तथा न्यायका कार्यमा सुधार होला । धार्मिक कृत्यमा समाज लागेपनि अन्य धर्म एवं अधर्मीका गतिविधिले समाजलाई धमिल्याउन सक्छन् ।

मासफल पौष:

यस महिनामा ५वटा मंगलबार र ५वटा बुधबार परेका छन्। गहुँ, मसुरो लगायतका राता दाल तथा अन्नमा केही महँगी खेप्नुपर्ला । पन्ना, शङ्ख जस्ता रत्न, हरिया दाल सुलभ र हनेछन् र माणिक्य, मुगा लगायतका केही रत्नहरू महागा हुने सम्भावना बढेको छ । पहैंला कुराहरूको भाउ स्थिर रहने एवं ऊनका कपडा र धातुको भाउमा भने वृद्धि नै रहने छ । जमीनजायदादको मूल्य बिस्तारै उकालो लाग्ने छाँट छ । पहाडी भगमा हिमपात र तराईमा कुहिरोले विभिन्न क्षेत्रमा चिसोका कारण जनजीवन केही कष्टकर रहला । केही अप्रत्यासित दुर्घटनाले चिन्ता छाउला । महिनाको सुरुतिर दैवीय घटनाहरुले केही त्रास उत्पन्न गराए तापनि मध्य र अन्त्यतिर भने क्रमशः सुधार हुँदै जाला ।

मासफल फाल्गुन:

यस महिनामा ५शुक्र र ५वटा शनिबार रहेका छन् । विभिन्न धातुजन्य सामानको मूल्य केही सस्तो रहला । विभिन्न देशहरूमा एकआपसमा युद्ध, मतभेद रहनाले जनतामा भय रहला । कृषि उत्पादनले समृद्धि देखाए तापनि चन्द्रग्रहणले अशान्ति, भूकम्पलगायत जोखिम भने बढ्ला । दुग्धजन्य पदार्थमा सहजता भए पनि फलाम, सिमेन्ट, गिटी, इटा र अन्य उपभाग्यसामग्रीको महागीले जीवन कष्टकर बनाउला । महिनाको अन्त्यतिर असाधारण रोगको सामना गर्नुपर्ला । समाजमा मानवता तथा न्यायका कार्यमा सुधार होला । अधर्मका गतिविधिले समाजलाई धमिल्याउन सक्ने भएकाले सजक रहनुपर्ला । राजनीतिक उतारचढावले केही मार्गमा रहेका अबरोधहरु हट्लान् ।

मासफल मार्गशीर्ष:

यस महिनामा ५वटा सोमबार परेका छन् । लक्षणले योमहिनामा खाद्यपदार्थ र सेता वस्तुहरू केही सुलभ हुनाले जनसाधारणमा हर्ष बढ्ला । फलफूललगायत रसिला वस्तु, तैलीय पदार्थ तथा अन्नादि कुराहरूको सहजताले समाजमा किसानको मनोबल बढ्ला । धान, सुन लगायत पहेला र ऊनका कपडा र धातुको भाउमा पनि वृद्धि नै रहने छ । जमीनजायदादको मूल्य बिस्तारै उकालो लाग्ने छाट छ । हिमाली र मध्यपहाडी क्षेत्रमा चिसोका कारण जनजीवन केही कष्टकर रहला । धानलगायतका अन्नबाली केही महागा होलान् । चाँदी, मोती, शंखलगायतका वस्तुहरुमा किनबेच बढ्ने छ ।

मासफल माघ:

यस महिनामा ५वटा बिहीबार रहेको यस महिनामा चिसोको प्रकोपले हुने रोगहरू बढ्लान् । विभिन्न धातुजन्य सामानको मूल्य केही सस्तो रहला । यसैगरी विभिन्न देशहरूमा एकआपसमा युद्ध, मतभेद रहनाले जनतामा भय रहला । कृषि उत्पादनले समृद्धि गर्न नसके तापनि खाद्यान्नमा भने कमी नहोला । खाद्यवस्तुमा अखाद्य कुराको मिसावटले जनमानसमा नकारात्मक सन्देश प्रवाह होला । सुन, बेसार लगायतका पहैंला वस्तुहरूको व्यवसाय राम्रै चल्नेछ । लत्ताकपडा र अन्नबालीको मूल्यमा भने वृद्धि हुनेछ भने धार्मिक कृत्य बढ्नेछन् । महिनाको अन्त्यतिरको समय केही सुखद रहनाले जनमानसमा हर्ष छाउला ।

मासफल चैत्र:

यस महिनामा ५वटा आइत, ५ वटा सोमबार परेकाले मिश्रित फल देखिएको छ । रोग र भूक्षयका घटनाले जनमानसमा त्रास बनाउला । खाद्यपदार्थ र सेता वस्तुहरू केही सुलभ हुनाले जनसाधारणमा हर्ष बढ्ला । यसो भए तापनि शासकवर्गको खिचातानीले समाजमा असहज तथा त्रासमय वातावरण सृजना होला । हावाहुरी, अग्निभय, चौरभय लगायतका प्रकोपले समाजमा त्रासको वातावरणका बन्ला । महिनाको अन्त्यतिर राजनैतिक घटनाले केही नयाँ मोड लिनसक्ला । यस महिनामा सुरुतिर चोरी, डकैतीजस्ता घटनाहरुले दुःख दिनेछन् भने पछि क्रमशः नियन्त्रण हुँदै जानेछन् ।

अथः संवत्सर फलम



श्री गणेशाय नमः

स जयति सिन्धुर वदनो देवोयत् पादपङ्कज स्मरणं ॥ वासरमणि रिवत मसां राशिन्नाशयति विघ्नानां ॥ अचिन्त्याव्यक्तरूपाय निर्गुणाय गुणात्मने ॥ समस्त जगदाधार मूर्त्तये ब्रम्हणे नमः ॥ यःश्रृणोति मधुशुक्लपक्षतौ वर्षनाथ सचिवादिज फलं ॥ प्राप्युयाद् दुरित मुक्त विग्रहश्चार्यर्थमतुलं यशः सुखं ॥ अत्रः हि षष्ठचब्दानांमध्ये वार्हस्पत्य मानेन कालयुक्तनामकः संवत्सरो गतः सिद्धार्थीनामकः संवत्सरः प्राप्तः ॥ मेषार्कात्प्राग्भुक्त मासादयः ०।२९।३४।४८ भोग्यमासादयः ११।०।२५।१२ अतः परं रौद्रनामकःसंवत्सरा भविष्यति ॥

अथ संवत्सरः फलम

सिद्धार्थवत्सरे भूपाः शान्तवैरास्तथा तथा प्रजाः ।
सकला बसुधाभाति बहुससस्याढ्र वृष्टयः ॥
रौद्रेब्दे नृपसंभूतक्षो भक्लेश समन्विते: ।
सतंतत्वखिला लोका मध्यसस्यार्धवृष्टयः ॥

अथ गुरोरस्तोदय फलम्

सौम्ये वर्षेत्वनावृष्टिः सस्यहानिरनेकथा ।
राजानो युद्धनिरताश्चान्योन्यंकाङ्क्षिण ॥

अथ राजाः सूर्यस्तस्य फलम (चैत्रशुक्ल १)

मेघाः स्वल्पोदकास्वल्प धान्यस्वल्पफल दुम्राः ॥
चौराग्नि भूपतिभयं भाष्करे वर्षपे सति ॥

अथ मन्त्रीः चन्द्रस्तस्य फलम् (मेषेऽर्क)

तुहिनकरे सचिवे भूर्ताना विद्यसस्य संपूर्णा ।
द्विजसज्जनपशुवृद्धिः काननफल पुष्य जन्तुना ॥

अथ धान्येशःभौमस्तस्य फलम (धनुष्यर्क)

भौमे धान्यश्वरे धान्यंप्रियस्याद्दस्युतो भयं ।
तस्करानलबाहुल्यं प्रजानां संक्षयस्तदा ॥

अथ मेघेशःसूर्यतस्य फलम (आर्द्रामा सूर्य प्रवेश)

मेघाधिपतौ सूर्येस्वल्पमेघा जलंविमुचति ।
राजक्षोमस्तस्करा भीतिः स्यादर्धबाहुल्यं ॥

अथ रसेशःशनिस्तस्य फलम (तुलायामर्क)

रसेश्वरे सूर्यसुते धरित्र्यांदुःखेन लग्नानि ।
सुगन्धवस्तूनिधृतेक्षुकंद मूलानि चान्यत्सुलभं ॥

अथ सस्येशोगुरुस्तस्य फलम (कर्कटेऽर्क)

सस्यपतौ दिविजगुरौ बहुबिधसस्यार्ध सम्पूर्णा ।
ककंणा मागधदेशे मध्यम सस्यार्धवृष्टिःस्यात ॥

अथ नीरसेशोबुधस्तस्य फलम (मकरेऽर्क)

चित्रवस्त्रादिकाणाश्च शङ्खचन्दनसंयुजाम् ।
अर्धवृद्धि प्रजायेत नीरसेशोबुधो यदि ॥

अथ फलेशःसूर्यस्तस्य फलम (मीनेऽर्क)

द्रूमवतीवर पुष्पवती धराप्रमुदिताफल भोगविशेषता ।
बहुजलं जलदाभुविमुंचति क्वचिदविप्रमितं फलदोरविः ॥

अथ धनेशोबुधस्तस्य फलम (कन्यायामर्क)

सुमनसांचगुरुर्द्रविणाधिपोवणिजवृतिपराः सुखभाग्जनाः ।
फलितपुष्पितभूमिरुहाः सदाविविधद्रव्ययुत्ताभुविमानवाः ॥

अथ दुर्गेशःसूर्यस्तस्य फलम (सिंहेऽर्क)

नयविशेषकरस्तरणिस्तदा गत भयानरराजपुरोगमा ।
समधिको नतदानृपजोन्यजः स्वपथजंव्रजतां भयंक्वचित् ॥

अथ आर्द्राप्रवेशवार (**सूर्यस्तस्य**) फलम् पशुनाशनम् ॥
अथ आर्द्राप्रवेशतिथ्यादि (**आ.कृ.१२**) द्वादश्या शुभः ॥
अथ नक्षत्रस्य (**भरण्या**) भरण्यां शुभ प्रोक्त ॥
अथ योगस्य (**सुकर्मा**) शुभेच्छकृत ॥
अथ बेला फलम (**दिवा**) दिवाद्रा सस्य नाशायः ॥
अथ नवमेघानाम् (**नील**) वायुस्तमो मेघा फलम् ॥
अथ चतुर्मेघेशनाम् (**सर्वत**) सर्वते जलपूरता ॥
अथ द्वादशनागाना (**बासुकी**)
बासुकी सस्यकर्ताच बहुवृष्टिकरः शुभ ॥
अथ अष्टनागेशः **कर्कटः** ॥
अथ सप्तवातपः**आवहः** ॥
अथ रोहिणीचक्रम् (**सन्धौपतति**)
गिरीसन्धौ खण्डवृष्टिरितिफलं ॥

अथ जलाढकसंख्याः १००, समुद्रेः५०, पर्वतेः३० भूमौ २०, वर्षादीना विंशोपकाः वर्षाः११, धान्यं ११, तृणं५, शीतं १३, तेजः१७, वायुः१३, वृद्धिः१५, क्षयः१५, विग्रहः११, क्षुधाः११, तृषाः९, निन्द्राः१५, आलस्यं १५, उद्यमं १३, शान्तिः१५, क्रोधः१३, दम्भः५, लोभः३, मैथुनं १५, रसनिष्पत्तिः९, फलनिष्पत्तिः१३, उत्साहः११, उग्रं १३, पापं १५, पुण्यं ५, व्याधिः५, तन्नाशः३, आचारः३, अनाचारः९, मृत्युः७, जन्मः१७, देशोपद्रवः७, तन्नाशः१३,चौरभीः३, तन्नाशः१३, अग्निभीः११, तन्नाशः१५, उद्गिजाः१३, जरायुजाः३, अण्डजाः७, स्वेदेजाः११, शलभाः९, मूषकाः१३ शुकाः ११, हेमं १५, ताम्रं ३, स्वचक्रं ५, परचक्रं ११ इतिसंक्षिप्तवर्षाफलम् ॥

शनिको अढैया र साँढेसाती

यसवर्ष शनिदेव कुम्भलाई त्यागेर वर्षको अन्तसम्म मीनमा रहनाले **धनु** र **सिंहलाई** **अढैया** शनिको दशा लाग्दछ भने कुम्भलाई **अन्त्य**, मीनलाई **मध्य** र मेषलाई **आद्य** साँढेसाती रहन्छ ।

यसकोफलः जन्मको शनि असल भएमा आकस्मिक लाभ, कार्यसिद्धि, मानप्रतिष्ठा-आर्थिकतामा क्रमिक सुधार शारीरिक व्याधिबाट मुक्ति, लक्षित लक्ष्यको प्राप्ति र मान्यजनको सहानुभूति मिल्नेछ । तर पनि शनि विशेषत् दुःखदायी ग्रह भएकोले अपब्यय, दुःख, कार्यमा विलम्वता, मान प्रतिष्ठामा आघात, मानसिक अशान्ति, पदोन्नतिमा अवरोध, पशु चौपायामा हानि-नोक्सानी गराउने हुँदा पूर्वोक्त राशिहुनेहरूले शनिको जप पुजा-पाठले सुखसन्तोष हुन्छ भन्ने धारणा छ ।

साढेसातीदशा हुनेले शनिको पाठगर्दा भन्ने मन्त्रः

नमस्ते कोणसंस्थाय पिङ्गलाय नमोस्तु ते ।
नमस्ते विभुरूपाय कृष्णाय च नमोस्तु ते ॥
नमस्ते रौद्रदेहाय नमस्ते चान्तकाय च ।
नमस्ते यमसंज्ञाय नमस्ते सौरये विभो ॥
नमस्ते मन्दसंज्ञाय शनैश्चर नमोस्तु ते ।
प्रसाद कुरु देवेश दीनस्य प्रणतस्य च ॥

पीपलमा जल चढाउँदा भन्ने मन्त्रः

मूलतो ब्रम्हरूपाय मध्यतो विष्णुरूपिणे ।
अग्रतः शिवरूपाय अश्वत्थाय नमोनमः ॥

पीपललाई प्राथना गर्ने मन्त्रः

अश्वत्थयस्मिन्त्वयि वृक्षराजः नारायणतिष्ठति सर्वकाले ।
अतः श्रुतस्त्वं सततंतरुणां धन्योऽसि चारिष्ट विनाशकोऽसि ॥
कोणोऽन्तको रौद्रयमोऽथबभ्रुः कृष्णःशनिः पिंगल मन्दसौरी ।
नित्यःमृतो यो हरते च पीडा तस्मै नमः श्रीरविनन्दनाय ॥

धर्मै कर्मै सबै छ विधिविधान पात्रो छ सर्वाङ्गको ।
धन्यै तोयनाथ पन्त कुलको दियो र पञ्चाङ्ग यो ॥
आए जस्ता जतिसुकै बाधाहरू गर्दै जानु सामना ।
सुन्दरपश्चिम र स्वयं मेरो पनि छ शुभकामना ॥

नरेश अवस्थी 'अल्पविराम' - दुर्गामाण्डौ-८ चन्केसैन 'पलेटा' डोटी



चु चे चो ला लि लु ले लो अ

मेष ARIES

मेषः राशिहुनेहरूका लागि यो वर्ष मध्यम फलदायी रहेको छ । तेस्रो स्थानको बृहस्पतिले पराक्रम घटाउनुका साथै शारीरिक चिन्ताले मनोबल घट्ला । शनिको आद्य साढेसाती र गोचरमा पनि शनि प्रतिकूल रहेकाले झमेला, अपव्यय, शरीरपीडा आदि चिन्ता खेप्नु पर्ला । जन्मपत्रिकामा शनि शुभ भएका व्यक्तिहरूलाई भने शुभ फल नै मिल्नेछ । बृहस्पति र शनिको मृत्युञ्जयादि जपशान्ति, नारायण, भगवती, भैरवको पूजा आदि गर्नाले अरिष्ट नाश होला । सुरुको एक महिना राहु प्रतिकूल रहेपनि वर्षभरि राहुको अनुकूल प्रभावले शत्रु परास्त बन्ने योग छ । स्त्रीसुख, व्यवसायमा अकस्मात धनलाभ भए तापनि पञ्चम केतुले सन्तान र हात परेको धन खर्च गराई स्वभावमा केही कठोरता ल्याउला । वर्षको उत्तरार्धतिर उन्नतिको योग रहेको छ । वैदेशिक रोजगार पनि फलदायी रहने छ । आर्थिक दृष्टिले असार, असोज, माघ र फागुन महिना शुभ रहेका छन् भने अरु महिनाहरू भने सामान्य नै रहेका छन् ।

मासिक राशिफल

वैशाख : शारीरिक पीडा । **जेठ** : त्रास । **असार** : श्रीप्राप्ति । **साउन** : मानसम्मानमा ह्रास । **भदौ** : दीनता । **असोज** : शत्रु पराजय । **कात्तिक** : यात्रा । **मङ्सिर** : कष्ट/परिश्रम । **पुस** : कान्तिक्षय । **माघ** : कार्यसिद्धि । **फागुन** : विजय/लाभ । **चैत** : खर्चमा वृद्धि ।

(स्वामीः मङ्गल, रत्नः मुगा, शुभरंगः रातो)



इ उ ए ओ वा वि वु वे वो

वृष TAURUS

वृषः राशिहुनेहरूका लागि यो वर्ष लाभप्रद नै छ । धनस्थानको बृहस्पतिले धनार्जनका स्रोतहरू प्राप्त गराउनेछ, शत्रु पराजय हुनेछन् र स्त्रीसुख प्राप्तिको योग पनि बनेको छ । लाभको शनि र राहु पनि सुरुको एक महिना अनुकूल नै रहेकाले मिहिनेतबाट कार्यक्षेत्र, कृषि व्यवसाय आदिमा भने लाभ नै गराउला । जेठदेखि दशम राहु र चौथो केतुले चित्त भ्रमित गर्ने र सन्तान, बन्धुबान्धवपक्षमा केही अपव्यय बढाउने छ । नोकरीका क्षेत्रमा अपजस खेप्नुपर्ला । आपसी मनमुटावले मुद्दामामलाको नजिकपर्दा खिन्नता बोध होला माता/पिता तथा मित्रहरूको सेवा-सत्कार गरे मन प्रफुल्लित रहला । वर्षको उत्तरार्धतिर व्यवसाय, वैदेशिक रोजगार राम्रै रहने छ । राहु र केतुको जपशान्ति, भैरवपूजा गर्नाले विद्या र सन्तान क्षेत्र एवं स्वास्थ्य अझ सबल बन्न सक्ला । आर्थिक दृष्टिले हेर्दा साउन, कार्तिक, फागुन र चैत महिनाहरू शुभ रहेका छन् भने अरु महिनाहरू सामान्य नै रहेका छन् ।

मासिक राशिफल

वैशाख : खर्चमा वृद्धि । **जेठ** : शारीरिक पीडा । **असार** : त्रास । **साउन** : श्रीप्राप्ति । **भदौ** : मानसम्मानमा ह्रास । **असोज** : दीनता । **कात्तिक** : शत्रुपराजय । **मङ्सिर** : यात्रा । **पुस** : कष्ट/परिश्रम । **माघ** : कान्तिक्षय । **फागुन** : कार्यसिद्धि । **चैत** : विजय/लाभ ।

(स्वामीः शुक्र, रत्नः हीरा, शुभरंगः सेतो)



क कि कु घ ङ(ग) छ के को ह

मिथुन GEMINI

मिथुनः राशिहुनेहरूका लागि यस वर्षको पूर्वार्ध सफल रहे पनि जन्मराशिमा बृहस्पति भएकाले धन, बुद्धि र स्थानहानि तथा त्रास उत्पन्न गराउला । विरोधिहरू बढ्नाले मनमा भय रहला । कृषि व्यवसाय तथा पशपशुपक्षी पालनबाट भने केहीहदसम्म लाभ लिन सकिने योग रहेको छ । बृहस्पति, राहु, शनि र केतु प्रतिकूल रहेकाले अपव्यय, कलह तथा पापाशक्ति बढ्ने देखिन्छ । स्त्री र सन्तान सुखमा कमी ल्याउला । आफन्तसाग वैरभाव तथा द्वेष पैदा हुन सक्ने छ । संयमित रहनु पर्नेछ । बृहस्पति, राहु, शनि र केतुको मृत्युञ्जयादि जपशान्ति, नारायण, भैरव, देवी र शिवपूजा गर्नाले शुभफल मिल्नेछ । यात्राबाट सपलताको योग रहेको छ । वर्षको उत्तरार्धतिर कृषि तथा व्यापारव्यावसाय भने मध्यम रहने छ । स्वस्थानभन्दा केही समयका लागि बाहिरबाट अधिक लाभ लिन सकिने योग छ । अर्थका दृष्टिले बैशाख, भदौ, मङ्सिर र चैत महिना शुभ रहेका छन् भने अरु महिनाहरू सामान्य नै रहेका छन्

मासिक राशिफल

वैशाख : विजय/लाभ । **जेठ** : खर्चमा वृद्धि । **असार** : शारीरिक पीडा । **साउन** : त्रास । **भदौ** : श्रीप्राप्ति । **असोज** : मानसम्मानमा ह्रास । **कात्तिक** : दीनता । **मङ्सिर** : शत्रुपराजय । **पुस** : यात्रा । **माघ** : कष्ट/परिश्रम । **फागुन** : कान्तिक्षय । **चैत** : कार्यसिद्धि ।

(स्वामीः बुध, शुभरत्नः पन्ना, शुभरंगः हरियो)



ह हु हे हो डा डि डु डे डो

कर्कट CANCER

कर्कटः राशिहुनेहरूका लागि यो वर्षको पूर्वार्ध सामान्य रहने छ । केही आयआर्जन भए तापनि बृहस्पति, शनि र राहुकेतु प्रतिकूल रहेकाले संयमित भएर यात्रा र कार्य गर्नु पर्ला । वैशाखमा राहु अनुकूल नै रहेपनि पछि मानसिक चिन्ता तथा अन्य रोगादि पीडाले सताउन सक्ला । शत्रुबुद्धि रहनाले मितव्ययिता अपनाउनु पर्नेछ । शरीर निर्बल रहनुका साथै पापकर्ममा आशक्ति बढ्नाले कार्य क्षेत्रमा झैझमेला खेप्नु पर्ला । उपर्युक्त प्रतिकूल ग्रहको जपशान्ति, नारायण, दुर्गा र भैरवपूजा गर्नाले सहज होला । वैदेशिक यात्रा र कृषिजन्य व्यवसायबाट भने लाभ मिल्ला । वर्षको उत्तरार्धमा धार्मिक तथा माङ्गलिक कार्यले केही सहज हुने देखिन्छ । आर्थिक दृष्टिले बैशाख, जेठ, असोज र पुस महिना शुभ रहेका छन् । वैशाख, जेठ, असोज र पुस महिना शुभ रहेका छन् ।

मासिक राशिफल

वैशाख : कार्यसिद्धि । **जेठ** : विजय/लाभ । **असार** : खर्चमा वृद्धि । **साउन** : शारीरिक पीडा । **भदौ** : त्रास । **असोज** : श्रीप्राप्ति । **कात्तिकः** मानसम्मानमा ह्रास । **मङ्सिर** : दीनता । **पुस** : शत्रुपराजय । **माघ** : यात्रा । **फागुन** : कष्ट/परिश्रम । **चैत** : कान्तिक्षय ।

(स्वामीः चन्द्रमा, शुभरत्नः मोती, शुभरंगः सेतो)



मा मि मु मे मो टा टि टु टे

सिंह LEO

सिंहः राशिहुनेहरूका लागि यो वर्ष मध्यम फलदायी रहेको छ । यो वर्ष बृहस्पति अनुकूल रहेकाले विद्या र कार्यक्षेत्रमा लाभ, आरोग्यता साथै स्थानलाभ गराउला । घरजग्गा तथा सन्तानक्षेत्र सुखद् रहला । प्रयास गरे पुरानो धनराशि प्राप्त हुनसक्छ । सिंह राशिलाई यो वर्ष शनिको अढैया दशा सुरु भएकाले भने सामान्य फलदायी बनाएको छ । जन्मकुण्डलीमा शनि शुभ भएमा यसको फल पनि शुभ नै रहने छ । शनि र राहु, केतु अनुकूल नहुनाले यात्रा हुने, पापकर्ममा मन जाने, आफन्तजनबाट टाढिनु पर्ने, अग्निभय, विषभय, प्राकृतिक प्रकोप जस्ता पीडा र रोगभयले सताउन सक्लान् । शनि र राहुकेतुको जपशान्ति गरेमा उक्त अशुभ फलमा कमी आउने छ । उत्तरार्धतिर भने आदेश गरेका वा आटेका कामहरू पूरा हुनेछन् । खानपीनमा ध्यान दिनु पर्ला । आर्थिक दृष्टिले जेठ, असार, कार्तिक र माघ शुभ रहेका छन् ।

मासिक राशिफल

वैशाख : कान्तिक्षय । **जेठ** : कार्यसिद्धि । **असार** : विजय/लाभ । **साउन** : खर्चमा वृद्धि । **भदौ** : शारीरिक पीडा । **असोज** : त्रास । **कात्तिक** : श्रीप्राप्ति । **मङ्सिर** : मानसम्मानमा ह्रास । **पुस** : दीनता । **माघ** : शत्रुपराजय । **फागुन** : यात्रा । **चैत** : कष्ट/परिश्रम ।

(स्वामीः सूर्य, रत्नः माणिक्य, शुभरंगः रातो)



टो पा पी पू ष(ड) ण ठ पे पो

कन्या VIRGO

कन्याः राशिहुनेहरूका लागि यो वर्षमा कर्मस्थानको बृहस्पतिले मानसम्मानमा ह्रास, कार्यसिद्धिमा कमी, सन्तानलाभ, भूमिलाभ आदिमा केही कम फल प्राप्त गराउने योग छ । जेठदेखि राहु अनुकूल रहनाले शत्रु परास्त हुने, रोगबाट छुट्कारा पाउने र स्त्रीजनित सुख प्राप्त हुने योग छ । यो वर्ष बृहस्पति, शनि, र केतु भने प्रतिकूल रहेकाले मिश्रितफलको आधिपत्य रहने छ । दोष र रोगले सताउने, बन्धनमा पर्ने आदि जस्ता घटनाले मनमा क्लेश तथा डर उत्पन्न गराउला । शुभ शनि भएकाहरूको न्यायिक पक्ष बलियो भएर शत्रुपराजय भए तापनि आफन्तसितको वैरभाव भने कायमै रहने देखिन्छ । व्यापार-व्यवसाय तथा कृषिकार्यबाट मध्यम लाभ रहने छ । बृहस्पति, शनि र केतुको शान्ति, नारायण, शिव र भैरवपूजा गरे शुभफल मिल्नेछ । अर्थका दृष्टिले असार, साउन, मङ्सिर र फागुन महिना शुभ रहेका छन् ।

मासिक राशिफल

वैशाख : कष्ट/परिश्रम । **जेठ** : कान्तिक्षय । **असार** : कार्यसिद्धि । **साउन** : विजय/लाभ । **भदौ** : खर्चमा वृद्धि । **असोज** : शारिरीक पीडा । **कात्तिक** : त्रास । **मङ्सिर** : श्रीप्राप्ति । **पुस** : मान सम्मानमा ह्रास । **माघ** : दीनता । **फागुन** : शत्रुपराजय । **चैत** : यात्रा ।

(स्वामीः बुध, शुभरत्नः पन्ना, शुभरंगः हरियो)



रा रि रु रे रो ता ति तु ते

तुला LIBRA

तुलाः राशिहुनेहरूका लागि यो वर्ष मिश्रित फलदायी रहेको छ। भाग्यस्थानको बृहस्पतिले मानसम्मान, कार्यसिद्धि, सन्तानलाभ, भूमिलाभ आदि शुभ फल प्राप्त गराउने योग छ। यस वर्ष शनि, केतु अनुकूल भएकाले अर्थलाभ, आफन्तपक्षको न्याय र स्त्रीबाट सुखानुभूति गराउला। राहु भने प्रतिकूल रहनाले सन्तानहानि, रोगभय आदि जस्ता केही अप्रत्यासित घटनाले निराश पार्न सक्छन्। वैशाखभरि भने राहु शुभपलदायी रहनाले शत्रुपराजयको योग छ। जेठपछिको पञ्चम राहुले बुद्धिभ्रमित गराउदा विद्यार्थी वर्गले पढाइमा मिहिनेतको फलमात्र हात लाग्ला। फलामजन्य हतियार बाट सजक रहनु पर्नेछ। मृत्युञ्जय तथा भैरवको पूजा र प्रतिकूल ग्रह राहुको जपशान्ति गर्दा शुभ होला। वर्षको उत्तरार्ध भने पूर्वार्धभन्दा शुभ रहला। साउन, भदौ, पुस र चैत महिना अर्थका दृष्टिले शुभ रहेका छन्।

मासिक राशिफल

वैशाख : यात्रा। **जेठ** : कष्ट/परिश्रम। **असार** : कान्तिक्षय। **साउन** : कार्यसिद्धि। **भदौ** : विजय/लाभ। **असोज** : खर्चमा वृद्धि। **कात्तिक** : शारीरिक पीडा। **मङ्सिर** : त्रास। **पुस** : श्रीप्राप्ति। **माघ** : मानसम्मानमा ह्रास। **फागुन** : दीनता। **चैत** : शत्रुपराजय।

(स्वामीः शुक्र, रत्नः हीरा, शुभरंगः सेतो)



तो ना नि नु ने नो या यि यू

वृश्चिक SCORPIO

वृश्चिकः राशिहुनेहरूका लागि यो वर्ष सामान्य रहला। यात्राको योग रहने छ। बृहस्पति, शनि, र राहुको प्रतिकूलताले कार्यक्षेत्रमा राज्यवाट अपजस, भोगविलासिता, वाहनसुखमा कमी, वाणीमा कठोरता, सन्तानमा भय र मनमा चिन्ताको योग रहेको छ। अढैया दशा सकिएकाले रोग तथा आलश्य हराए तापनि ५औं शनि र चौथो राहुले मातृ तथा गृहसुखमा कमी ल्याउनुका साथै नोकरीमा सम्मान कमैमात्र मिल्ला। केतुले भने मिश्रित फल दिनेछ। कर्म क्षेत्रमा मिहिनेत गरे लाभ मिल्नेछ। वर्षको उत्तरार्धमा धनलाभले पराकम बढाए तापनि प्रतिकूल ग्रहको आधिक्य हुनाले अशान्ति तथा खर्च अधिक रहने देखिन्छ। सावधानीसागै यी ग्रहहरूको स्वस्ति-शान्ति, मृत्युञ्जय, चण्डी, भैरवस्तोत्र जप, पाठ आदि गर्नाले शुभ फल मिल्ने छ। वैशाख, भदौ, असोज र माघ महिनाहरू आर्थिक दृष्टिले शुभ रहने छन्।

मासिक राशिफल

वैशाख : शत्रुपराजय। **जेठ** : यात्रा। **असार** : कष्ट/परिश्रम। **साउन** : कान्तिक्षय। **भदौ** : कार्यसिद्धि। **असोज** : विजय/लाभ। **कात्तिक** : खर्चमा वृद्धि। **मङ्सिर** : शारीरिक पीडा। **पुस** : त्रास। **माघ** : श्रीप्राप्ति। **फागुन** : मानसम्मानमा ह्रास। **चैत** : दीनता।

(स्वामीः मङ्गल, रत्नः मुँगा, शुभरंगः रातो)



ये यो भा मा मू ध फ ढ भे

धनु SAGITTARIOUS

धनुः राशिहुनेहरूका लागि यो वर्ष मध्यम फलदायी रहेको छ। राशिलाई यो वर्ष शनिको अढैया दशा सुरु भएकाले सामान्य फलदायी बनाएको छ। जन्मकुण्डलीमा शनि शुभ भएमा भने यसको फल पनि शुभ नै रहने छ। बृहस्पति र राहु अनुकूल रहनाले धर्म-कर्ममा लाभ, बाहनसुख, पशुचौपायबाट लाभ, विविध रत्न तथा धातुजन्य वस्तु र व्यवसाय तथा वाणिज्यक्षेत्रबाट फाइदा हुनेछ नोकरीमा पदोन्नति र सम्मान मिल्नेछ। पशुपक्षी, वाहनलाभ आदिको योग छ। न्यायका क्षेत्रमा कठिनाइ तथा शरीरमा नशाजन्य रोगको सामना गर्नुपर्ला। शनि र केतु भने प्रतिकूल रहेकाले यात्रा, चोटपटकको भय रहने छ। बन्धुवर्गबाट कमै सहयोग मिल्ला। शरीरले कमैमात्र साथ दिनेछ। अल्पविद्या प्राप्तिको योग छ। देवी पूजा, भैरव दर्शन र माथिका ग्रहको शान्ति गर्नाले प्रतिकूल असर कम हुनेछ। जेठ, असोज, कात्तिक र फागुन महिना अर्थोन्नतिका लागि शुभ रहेका छन्।

मासिक राशिफल

वैशाख : दीनता। जेठ : शत्रुपराजय। असार : यात्रा। साउन : कष्ट/परिश्रम। भदौ : कान्तिक्षय। असोज : कार्यसिद्धि। कात्तिक : विजय/लाभ। मङ्सिर : खर्चमा वृद्धि। पुस : शारीरिक पीडा। माघ : त्रास। फागुन : श्रीप्राप्ति। चैत : मानसम्मानमा ह्रास।

(स्वामीः वृहस्पति, रत्नः पुष्पराज, शुभरंगः पहेँलो)



भो जा जी जू जे जो ख खि खु खे खो गा गी

मकर CAPRICORN

मकरः राशिलाई यो वर्ष बृहस्पति प्रतिकूल हुनाले आफन्तमा शत्रुभाव पैदा होला, मन खिन्न रहला । वर्षको सुरुतिर शनिको केही नकारात्मक असर परे तापनि अधिक समय शनि अनुकूल नै रहेकाले सौभाग्यका साधनहरू प्राप्तिका साथै विभिन्न मार्गबाट धनलाभ होला । आफन्तमा वैरभाव बढ्ला । बन्धुवर्गबाट कमै सहयोग मिल्ला । धनस्थानको प्रतिकूल राहुका कारण अर्थोन्नतिमा ढिलाइ होला । नोकरीका क्षेत्रमा धेरै आश्वासन प्राप्त होलान् । पदोन्नतिमा धेरै व्यवधान आइपर्ला । संयमित भएर कार्य गर्दा मानसम्मान कायमै रहने छ । शरीरले कमैमात्र साथ दिनेछ । अल्पविद्या प्राप्तिको योग छ । उपर्युक्त प्रतिकूल ग्रहहरू बृहस्पति र राहुकेतुको शान्तिका उपाय गर्नाले अफ्ठेरो टर्नेछ । वर्षको उत्तरार्धतिर स्वास्थ्यमा सुधार हुनेछ र अल्प धनप्राप्ति हुनेछ । अर्थका दृष्टिले असार, कात्तिक, मङ्सिर र चैत शुभ रहेका छन् ।

मासिक राशिफल

वैशाख : मानसम्मानमा ह्रास । **जेठ** : दीनता । **असार** : शत्रुपराजय । **साउन** : यात्रा । **भदौ** : कष्ट/परिश्रम । **असोज** : कान्तिक्षय । **कात्तिक** : कार्यसिद्धि । **मङ्सिर** : विजय/लाभ । **पुस** : खर्चमा वृद्धि । **माघ** : शारीरिक पीडा । **फागुन** : त्रास । **चैत** : श्रीप्राप्ति ।

(स्वामीः शनि, रत्नः नीलम, शुभरंगः कालो)



गु गे गो सा सि सू से सो दा

कुम्भ AQUARIUS

कुम्भः राशिमा यो वर्ष बृहस्पति अनुकूल रहनाले धर्म-कर्ममा लाभ, बाहनसुख, पशुचौपायबाट लाभ, विविध रत्न तथा धातुजन्य वस्तु र व्यवसाय तथा वाणिज्यक्षेत्रबाट फाइदा हुनेछ । नोकरीमा पदोन्नति र सम्मान मिल्नेछ । शनिको अन्त्य-साढेसाती भएकाले संयमता अपनाउनु पर्नेछ । शनि, राहु र केतु अनुकूल नभएकाले अनेक किसिमका क्लेश रहने, मित्रादिको सहयोग कमैमात्र प्राप्त हुने र शरीर निर्बल रहने छ । अग्निपीडाको सामना गर्नु पर्ला । बन्धु र स्थानहानि भए पनि यात्राबाट भने केही लाभ मिल्ला । यात्रा गर्दा सवारीसाधनको ख्याल राम्ररी गरेर सावधानी अपनाए खर्च तथा शरीरमा कष्ट हुनबाट बचिएला । प्रतिकूल ग्रहको जपशान्ति, देवी, भैरवपूजा आदिले केही राहत मिल्नेछ । सन्तानको ख्याल राख्नुपर्ने छ । पापकर्ममा मन जानाले पीडा र पश्चातापमा समय जानेछ । बैशाख, साउन, मङ्सिर र पुस महिनाहरू आर्थिक दृष्टिले केही लाभप्रद रहने छन् ।

मासिक राशिफल

वैशाख : श्रीप्राप्ति । **जेठ** : मानसम्मानमा ह्रास । **असार** : दीनता । **साउन** : शत्रुपराजय । **भदौ** : यात्रा । **असोज** : कष्ट/परिश्रम । **कात्तिक** : कान्तिक्षय । **मङ्सिर** : कार्यसिद्धि । **पुस** : विजय/लाभ । **माघ** : खर्चमा वृद्धि । **फागुन** : शारीरिक पीडा । **चैत** : त्रास ।

(स्वामीः शनि, रत्नः नीलम, शुभरंगः कालो)



दी दु थ झ ञ(ज) दे दो चा ची

मीन PISCES

मीनः राशिहुनेहरूका लागि यो वर्ष सामान्य रहेको छ । बृहस्पति, शनि र राहु प्रतिकूल नै रहेकाले स्थानहानि, खर्च, कामकाजमा बाधा, व्यर्थ भ्रमण, चिन्ता र कष्ट बढ्ला । शनिको मध्य साढेसातीले पनि शारीरिक र मानसिक कष्ट वा झैझमेला हुन सक्ला । शुभ शनि भएकालाई भने पद प्राप्ति, मानसम्मान मिल्ला । शत्रु पराजय होलान् । वैशाखभरि भने बृहस्पति, राहु अनुकूल नै रहने छन् । वर्षको उत्तरार्धतिर केही शुभफल मिल्नेछ । बृहस्पति, शनि, राहुको जपशान्ति, मृत्युञ्जय, रुद्री, चण्डी पाठ गर्नाले लाभ मिल्ला । जेठ, भदौ, पुस र माघ अर्थोन्नतिका लागि शुभ महिना हुन् ।

मासिक राशिफल

वैशाख : त्रास । **जेठ** : श्रीप्राप्ति । **असार** : मानसम्मानमा ह्रास । **साउन** : दीनता । **भदौ** : शत्रुपराजय । **असोज** : यात्रा । **कात्तिक** : कष्ट/परिश्रम । **मङ्सिर** : कान्तिक्षय । **पुस** : कार्यसिद्धि । **माघ** : विजय/लाभ । **फागुन** : खर्चमा वृद्धि । **चैत** : पीडा ।

(स्वामीः वृहस्पति, रत्नः पुष्पराज, शुभरंगः पहेँलो)

द्रष्टव्यः उपर्युक्त राशिफलमा भनिएका कुराहरूले वर्षभरिको गोचरका आधारमा शुभाशुभ फल दिनेछन् । राशिका आधारमा उक्त फल भनिए तापनि जन्मकुण्डलीका आधारमा ती ग्रहहरूले आफ्नो अवस्थाअनुसाफल दिनेछन् । त्यसैले प्रत्येक व्यक्तिको राशिअनुसार हुबहु फल नमिल्न पनि सक्दछ । राशिले जे-जस्तो बताए पनि नित्यकर्म र शुभकर्ममा कर्मरत रहनाले ग्रहजन्य दोष अवश्य कम हुनेछ ।

होडा ज्ञान तालिका

नामको प्रथम अक्षर	चू.चे. चो.ला.	ली.लु. ले.लो.	अ.इ. उ.ए.	ओ.वा. वि.वु.	वे.वो. क.कि.	कु.घ. ङ.छ.	के.को. ह.हि.	हु. हे. हो.डा.	डी.डु. डे.डो.	मा.मि. मू.मे.	मो.टा. टि.टू.	टे.टो. पा.पी.	पू.ष. ण.ठ.	पे.पो. रा.री.
नक्षत्र	अश्विनी	भरणी	कृत्तिका	रोहिणी	मृगशि.	ऽऽद्रा	पुनर्वस	तिष्य	श्लेषा	मघा	पू.फा.	उ.फा.	हस्ता	चित्रा
राशि	मेष	मेष	मे. १ वृ. ३	वृष	वृ. २ मि. २	मिथुन	मि. ३ क. १	कर्कट	कर्कट	सिंह	सिंह	सि. १ कं. ३	कन्या	कं. २ तु. २
स्वामी	मङ्गल	मङ्गल	मं. १ शु. ३	शुक्र	शु. २ बु. २	बुध	बु. ३ चं. १	चन्द	चन्द	सूय	सूय	सू. १ बु. ३	बुध	बु. २ शु. २
वण	क्षत्रि	क्षत्रि	क्ष. १ वै. ३	वैश्य	वै. २ शु. २	शुद	श. ३ ब्रा. १	ब्राम्हण	ब्राम्हण	क्षत्रि	क्षत्रि	क्ष. १ वै. ३	वैश्य	वै. २ शु. २
वश्य	चतुष्पद	चतुष्पद	चतुष्पद	चतुष्पद	च. २ द्वि. २	द्विपद	द्वि. ३ ज. १	जलचर	जलचर	चतुष्पद	चतुष्पद	च. १ द्वि. ३	द्विपद	द्विपद
योनि	घोडा	हात्ती	भेंडा	सप	सप	कुकुर	बिराला	भेडा	बिराला	मुसा	मुसा	गाइ	रांगा	बाघ
वैरयोनि	रांगा	सिंह	बाँदर	न्याउरी	न्याउरी	मृग	मुसा	बाँदर	मुसा	बिराला	बिरालो	बाघ	घोडा	गाइ
गण	देवता	मनुष्य	राक्षस	मनुष्य	देवता	मनुष्य	देवता	देवता	राक्षस	राक्षस	मनुष्य	मनुष्य	देवता	राक्षस
नाडी	आदि	मध्य	अन्त्य	अन्त्य	मध्य	आदि	आदि	मध्य	अन्त्य	अन्त्य	मध्य	आदि	आदि	मध्य
आसन	घोडा	प्रेत	अग्नि	गाइ	मृग	सर्प	कमल	कलश	काग	रांगा	ढुङ्गा	ढुङ्गा	हात्ती	मयुर

नामको प्रथम अक्षर	रु.रे. रो.ता.	ती.तु. ते.तो.	ना.नी. नू.ने.	नो.या. यी.यू.	ये.यो. भा.भी.	भू. ध. फा.ढा.	भे.भो. जा.जी.	जू.जे. जो.ख.	खी.खू. खे.खो.	गा.गी. गू.गे.	गो.सा. सी.सू.	से.सो. दा.दी.	दू.थ. झ.ञ.	दे.दो. चा.ची.
